2023-11-06

# DCSD ले संयुक्त राष्ट्र दिवस र यसका विविध शैक्षिक अवसरहरूको खुसीयाली मनाएको छ

अक्टोबर 28, शनिवारका दिन Indian Creek Elementary School मा संयुक्त राष्ट्र दिवस को अवसरमा संघले 78 वर्ष पार गरेको खुसीयाली मनाउन DeKalb County School District (*DCSD*) अमेरिकी संयुक्त राष्ट्र संघ- Atlanta शाखामा जोडिएको छ ।

संयुक्त राष्ट्र दिवसले "आप्रवासी र शरणार्थीहरूका लागि प्रतिष्ठा, समानता र न्याय" लाई बढावा दिने कुराको महत्त्वमा जोड दिँदै उत्सव मनाउन आह्वान गर्दछ । UN दिवस 2023 ले विश्वभरिका शरणार्थी र आप्रवासीहरूको अधिकार तथा भलाइको लागि वकालत गर्ने संयुक्त राष्ट्रको प्रतिबद्धताको बारेमा समयमै र सशक्त रूपमा सम्झाउने दिनको रूपमा काम गरेको छ । DCSD का सुपरिन्टेन्डेन्ट डा. Devon Q. Horton समारोहका एक मुख्य वक्ता हुनुहुन्थ्यो र उहाँले डिस्ट्रिक्ट कसरी संस्कृति, नवीनता, तथा महत्वाकांक्षाको समिश्रित समुदाय बनेको छ भनेर उल्लेख गर्नुभयो ।

"Dunwoody देखि Damascus सम्म, Tucker देखि Thailand सम्म, Stone Mountain देखि Syria सम्म, Chamblee देखि Czechoslovakia सम्म, र Lithonia देखि Liberia सम्म—अमेरिकाको विशाल मध्यभूमि र विश्वभरिका अन्य सबै ठाउँहरूसम्म—सबै बालबालिकाहरू उनीहरूलाई सफलता तथा तृप्ति मात्र हासिल मात्र गर्न दिने मात्र नभइ सबै व्यक्तिहरूलाई स्वागत गर्ने कार्यशील, सहयोगी र उत्पादक समाज (सबैलाई स्वागत गर्ने समाज) बनाउन योगदान दिने उच्च-गुणस्तरीय, सान्दर्भिक शिक्षा प्राप्त गर्न हकदार छन् ।

"हामी हाम्रो उदेश्यको लागि जति बढी मजबुत र एकताबद्ध हुन्छौं, हामी राम्रो कामको लागि अझ बढी मजबुत तथा एकताबद्ध हुनसक्छौं ।"

अमेरिकी संयुक्त राष्ट्र संघ (*UNA-USA*) 1945 देखि संयुक्त राज्यहरूलाई सहयोग गर्न समर्पित एउटा आन्दोलन हो । देशभरिका 20,000 भन्दा बढी सदस्यहरू तथा 200 भन्दा शाखाहरूको साथमा, UNA-USA का सदस्यहरू विश्वव्यापी सहभागिता प्रतिको आफ्नो प्रतिबद्धता तथा प्रत्येक व्यक्तिले UN को अभियानलाई अगाडि बढाउन र दिगो विकासका लक्ष्यहरू हासिल गर्न योगदान दिन सक्छन् भन्ने आफ्नो विश्वासमा एकताबद्ध हुन्छन् ।

डा. Horton ले भने झैँ, DCSD 140 भन्दा धेरै भाषाहरूको घर बनेको छ र यसले 180 भन्दा बढी देशहरूको प्रतिनिधित्व गर्छ । डिस्ट्रिक्ट सिकाइका विकल्पहरू प्रदान गर्ने कुरामा गर्व गर्छ ।

"हाम्रा विद्यार्थीहरू संसारको लगभग हरेक कुनाबाट आएका छन् । कृतज्ञातले, DeKalb County Schools मा इन्टरनेशनल बेकलरिएट, चार्टर, तथा मोन्टेश्वरी कार्यक्रमहरू देखि विभन्न STEM पाठ्यक्रमका विद्यालयहरू सहित —बढ्दो सङ्ख्याका शैक्षिक पथमार्गहरू उपलब्ध छ । यी कुराहरूले प्रत्येक बच्चाको व्यक्तिगत प्रतिभा निखार्ने पवित्र प्रतिबद्धताको रूपमा काम गर्दछ," डा. Horton ले भन्नुभयो ।

Indian Creek Elementary School मा आयोजना गरिएको UN दिवस, 2023 कार्यक्रमको चित्र तथा भिडियो हेर्न, तल दिइएको साइट हेर्नुहोस्:

- चित्र: https://www.flickr.com/photos/dekalbschools/sets/72177720312268845/
- भिडियो: https://www.youtube.com/watch?v=8iTjmjiQVUM

XXX